# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७७/०६/२४)

नेपाल सरकार, कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष संचालक समितिको मिति २०७७/०५/२१ गतेको निर्णयानुसार कोभिड-१९ महामारी उपचार तथा व्यवस्थापनको लागि ५ वेडको अस्पताल संचालन गर्न यस गाउँपालिकाको लागि तपसिल बमोजिमको स्वास्थ्य सेवाका कर्मचारीहरु करार सेवामा पद पुर्ति गरिने भएकोले आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मिति देखि **२१औं** दिनको कार्यालय समय भित्र सम्म सम्बन्धित पदको लागि लोकसेवा आयोगले निर्धारण यरेको आवेदन फाराम भरी बुझाउनु हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**माग संख्याः**

| क.सं | विज्ञापन नं | पद | सेवा/समुह | आवश्यक संख्या | लखित परीक्षा मिति |
|---|---|---|---|---|---|
| १. | १०/२०७७/७८ | एम.वि.वि.एस. डाक्टर (अधिकृत स्तर आठौं) | स्वास्थ्य | १ | २०७७/०८/०६ |
| २. | ११/२०७७/७८ | स्टाफ नर्स (सहायक स्तर पाँचौ) | स्वास्थ्य | २ | २०७७/०८/०६ |
| ३. | ११/२०७७/७८ | कार्यालय सहयोगी (श्रेणी विहिन) | | १ | |

**आवश्यक योग्यता :**

१. एम.वि.वि.एस डाक्टरको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. कोर्ष उत्तिर्ण गरी NMC मा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ ।

२. स्टाफ नर्स पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट **३ बर्षे** स्टाफ नर्सिङ्ग कोर्ष उत्तिर्ण गरी नर्सिङ्ग काउन्सिलमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ ।

३. कार्यालय सहयोगी पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तिर्ण गरेको हुनु पर्नेछ ।

४. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :** नेपाली नागरिकताको प्रतिलिपि, आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

५. **उमेर :** १८ वर्ष पुरा भई ३५ वर्ष (पुरुषको हकमा) र १८ वर्ष पुरा भई ४० वर्ष (महिलाको हकमा) ननाघेको हुनु पर्नेछ ।

६. **परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता । कार्यालय सहयोगीको हकमा अन्तरवार्ता मात्र । लिखित परीक्षाको नतिजा संगै अन्तर्वार्ताको मिति तोकिने छ ।

७. **परीक्षा दस्तुर : ८औं** तहको लागि रु.१०००।- **५औं** तहको लागि रु ७००।-, कार्यालय सहयोगी लागि रु ४००।-

८. **तलव तथा अन्य सुविधाः** ताप्ली गाउँपालिकाले निर्णय गरे बमोजिम हुने छ ।

९. **दरखास्त बुझाउने स्थानः** ताप्ली गाउँपालिकाको कार्यालय वा ताप्ली गाउँपालिकाको नाममा प्राइम कमर्सियल बैंकमा खोलिएको आन्तरिक राजस्व खाता नं ०७७००२५९CA मा तोकीएको दस्तुर जम्मा गरेको भौचर सहित आवश्यक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपिहरु र फाराम स्क्यान गरी **info@taplimun.gov.np** मा **email** गरी बुझाउन सकिनेछ ।

१०. दरखास्त बुझाउने अन्तिम मिति २०७७/०७/१४

११. **परीक्षा केन्द्र :** ताप्ली गाउँपालिकाको कार्यालय

१२. **पाठ्यक्रम :** लोकसेवा आयोगले सम्बन्धित पदको लागि निर्धारण गरेको बमोजिम हुने ।

१३. आबेदन फर्म ताप्ली गाउँपालिकाको वेवसाइट **www.taplimun.gov.np** बाट डाउनलोड गरी भर्न सकिनेछ ।